# राजपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ, लुम्बिनी प्रदेश, नेपाल

# सर्भेक्षक र अमिन करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मिति: २०८०/१२/२७)

यस राजपुर गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।१२।२२ गतेको निर्णय अनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको व्यवस्थापन कार्य सम्वन्धमा जग्गा नाप नक्सांकन गर्नका लागि देहाय बमोजिम आवश्यक सर्भेक्षक (सहायकस्तर पाँचौ) र अमिन (सहायकस्तर चौथो) पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिदसहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

**१. सेवा सम्वन्धी विवरण:**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ४/२०८०/०८१ | सर्भेक्षक | स्थानीय सेवाको सहायकस्तर पाँचौ | १ |
| २ | ५/२०८०/०८१ | अमिन | स्थानीय सेवाको सहायकस्तर चौथो | २ |

**२. आवश्यक न्यूनतम योग्यता र अनुभव:**

**क) अमिन पदका लागि:**
मान्यताप्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा एक बर्ष तालिम प्राप्त गरेको ।

**ख) सर्भेक्षक पदका लागि:**
मान्यताप्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा तीन बर्षे प्रविणता प्रमाणपत्र सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तिमा एक बर्ष जुनियर नापी तालिम प्राप्त गरेको ।

**३. दरखास्त दिने अन्तिम मिति:** २०८१।१।११ गते कार्यालय समयभित्र ।

**४. उमेरको हद:** दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको, महिला र अपांगताको हकमा ४० बर्ष ननाघेको ।

**५. आवेदन दस्तुर:** सहायकस्तर चौथो अमिन पदका लागि रु. ४००।- (चार सय) र सहायकस्तर पाँचौ सर्भेक्षक पदका लागि रु. ५००।- (पाँच सय) ।

**६. छनौटको किसिम:** short list र अन्तर्वार्ता ।

**७. आवेदनका साथ संलग्न कागजातहरू:** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि:

- नागरिकता प्रमाणपत्र
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट साइजको फोटो

**८. सेवा सुविधा:** गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. सम्पादित गर्नुपर्ने कार्य विवरण:** गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**नोट:** दरखास्त फाराम र पाठ्यक्रम यस गाउँपालिकाको website: rajpurmundang.gov.np र गाउँपालिकाको कार्यालयमा उपलब्ध हुनेछ । अन्य कुनै जानकारीका लागि राजपुर गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला ।

**प्रमुख प्रशासकीय अधिकृत**